# अर्थ बुलेटिन

वर्ष २ अंक ४ कार्तिक, २०७७

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



### प्रमुख झलकहरू

- चालु आर्थिक वर्षको प्रथम चौमासिक अवधिमा व्यापार सन्तुलन, चालु खाता तथा भुक्तानी सन्तुलन र विदेशी विनिमय सञ्चितिमा क्रमिकरूपले सुधार भई बाह्य क्षेत्र थप सुदृढ हुदैं गएको छ।
- कोभिड-१९ को जोखिमको कारण पैठारीमा संकुचन आउने क्रम जारी रहेकोले आर्थिक क्रियाकलाप विस्तारमा केही चुनौति देखिएका छन्। निकासी वृद्धि भएको कारणबाट व्यापार घाटामा १२.५ प्रतिशतले सुधार भएको छ।
- पहिलो चौमासिक अवधिको कुल व्यापारमा निकासी र पैठारीको अंश क्रमशः ९.०८ प्रतिशत र ९१.९२ प्रतिशत पुगेको छ।
- कुल संघीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.१ प्रतिशतले बढेको छ। लक्ष्यको करिव ९४ प्रतिशत कर राजस्व संकलन भएको छ। आयकर राजस्व २.७ प्रतिशतले बढेको छ। भन्सार बिन्दुमा संकलन हुने राजस्व २.२ प्रतिशतले बढेको छ।
- यस अवधिमा आन्तरिक राजस्व परिचालन पनि सुधारोन्मुख रहेको छ। वैदेशिक सहायता प्रतिबद्धतामा उल्लेख्यरूपमा वृद्धि भई रू. ९० अर्ब ५५ करोड पुगेको छ।
- वित्तीय पहुँचमा विस्तार भएको छ। नेप्से सूचकांकमा देखिएको निरन्तर सुधारले पूँजीबजार थप सबलीकृत हुनुका अतिरिक्त अर्थतन्त्रमा सकारात्मक अवस्था सिर्जना भएको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च


१.आर्थिक वर्ष २०७७/७८ को कार्तिकसम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको रु. २ खर्ब २६ अर्ब १ करोडको तुलनामा १९.१ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ६९ अर्ब ७ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु. २ खर्ब ३० अर्ब १२ करोड, पूँजीगत खर्च २९ अर्ब ४५ करोड र वित्तीय व्यवस्था तर्फ रु. ९ अर्ब ५० करोड रहेको छ। कोभिड-१९ को महामारीका कारण चालु आर्थिक वर्षको शुरु महिनाहरूमा विकास निर्माणका कार्यहरू पूर्णरूपमा सञ्चालन हुन नसक्दा पूँजीगत खर्च अपेक्षितरूपमा वृद्धि हुन नसकेको भएतापनि अर्थतन्त्र चलायमान हुन थालेकाले प्रथम चौमासिक अवधिको पछिल्लो अवधिमा पूँजीगत खर्च वृद्धि हुन थालेको छ।

**तालिका (१): पछिल्लो ५ वर्षको कार्तिकसम्मको संघीय खर्चको स्थिति (रू. करोडमा)**

| वर्ष/महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च |
|---|---|---|---|---|
| २०७३/०७ | १४०५१.८५ | १४८४.७२ | ४४०.०४ | १५९७६.६१ |
| २०७४/०७ | १८४५२.८३ | २१६१.६७ | ७९९.७६ | २१४१४.२६ |
| २०७५/०७ | २०३८०.६७ | २९८५.२१ | ११११.५० | २४४७७.३८ |
| २०७६/०७ | १९६९०.५२ | २४८३.५५ | ४२७.३५ | २२६०१.४२ |
| २०७७/०७ | २३०१२.२० | २९४४.५२ | ९५०.३१ | २६९०७.०३ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**चार्ट (१): विगत ५ वर्षको पहिलो चौमासिक अवधिको खर्चको प्रवृत्ति**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२.चालु आर्थिक वर्षको पहिलो महिनामा संघीय सरकारको खर्च कुल बजेट विनियोजनको ०.१३ प्रतिशत भएकोमा पहिलो चौमासिकसम्ममा यस्तो खर्च बढेर १८.२५ प्रतिशत पुगेको छ। यस अवधिमा विनियोजित वार्षिक बजेट मध्ये चालु खर्च २४.२५ प्रतिशत, पूँजीगत खर्च ८.३४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ५.५० प्रतिशत खर्च भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च प्रगति क्रमशः २०.६ प्रतिशत, ६.१ प्रतिशत र २.५ प्रतिशत रहेको थियो। समिक्षा अवधिको कुल खर्च मध्ये चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको अंश क्रमशः ८५.५ प्रतिशत, ११.० प्रतिशत र ३.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ८७.१ प्रतिशत, ११.० प्रतिशत र १.९ प्रतिशत रहेको थियो।

http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं.: ०१-४२११३२५

**तालिका (२): चालु आर्थिक वर्षको मासिक खर्च स्थिति** (रू. करोडमा) **एवम् खर्च प्रगति** (प्रतिशतमा)

| महिना | चालु खर्च | खर्च प्रगति | पूँजीगत खर्च | खर्च प्रगति | वित्तीय व्यवस्था | खर्च प्रगति | कुल संघीय खर्च | खर्च प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | १७२.८३ | ०.१८ | १३.३३ | ०.०४ | ११.७५ | ०.०७ | १९७.९१ | ०.१३ |
| भदौ | ६३२४.३४ | ६.६६ | ३७५.२५ | १.०६ | १५७.२८ | ०.९१ | ६८५६.८७ | ४.६५ |
| असोज | १८२६१.८९ | १९.२४ | १५०४.५८ | ४.२६ | ३४१.३९ | १.९८ | २०१०७.८६ | १३.६४ |
| कार्तिक | २३०१२.२० | २४.२५ | २९४४.५२ | ८.३४ | ९५०.३१ | ५.५१ | २६९०७.०३ | १८.२५ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय।

३. कोभिड-१९ को संक्रमणको जोखिमको प्रभावले आर्थिक गतिविधि संकुचित हुदाँ चालु आर्थिक वर्षको पहिलो चौमासिकसम्ममा राजस्व संकलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.०९ प्रतिशतले संकुचन भएतापनि राजस्वसहित नेपाल सरकारको कुल प्राप्ति १.७७ प्रतिशतले बृद्धि भएको छ। यस अवधिमा भन्सार महशुल, पैठारीमा संकलन हुने मूल्य अभिवृद्धि कर र आयकरमा सामान्य वृद्धि भएको छ भने अन्य कर शीर्षकअन्तर्गत संकलन भएको राजस्वमा संकुचन आएको छ। गैरकर राजस्व उल्लेख्यरूपमा घटेको छ। कोभिड-१९ महामारीको समयमा उपभोक्ताहरु अत्यावश्यक उपभोग बाहेक अन्य उपभोग कम गरेका तर लगानीकर्तासमेत लगानी गर्न हिच्किचाएका कारणले कुल उपभोग तथा लगानीमा कमी आएको कारण सो को प्रत्यक्ष प्रभाव राजस्व परिचालनमा परेको छ।

**तालिका (३): राजस्व लक्ष्य र असुलीको विवरण** (रू. करोडमा)


| कर शीर्षक | आर्थिक वर्ष २०७७/७८ को वार्षिक लक्ष्य | कार्तिकसम्मको राजस्व असुली | | प्रतिशत परिवर्तन | आर्थिक वर्ष २०७७/७८ को कार्तिकसम्मको लक्ष्य | कार्तिकसम्मको लक्ष्यको तुलनामा असुली प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | | | |
| **भन्सार महशुल** | **१९३५५.४७** | **५१७७.४९** | **५५०१.३१** | **६.२५** | **५४०७.३२** | **१०१.७४** |
| **मूल्य अभिबृद्धि कर** | **३०२१६.८७** | **८४५९.००** | **७८६३.६३** | **-७.०४** | **८६३७.०८** | **९१.०५** |
| उत्पादन, विक्री, सेवा | ११२०३.६२ | ४३९७.५१ | ३६४८.२७ | -१७.०४ | ३५९७.८४ | १०१.४० |
| पैठारी | १९०१३.२५ | ४०६१.४८ | ४२१५.३६ | ३.७९ | ५०३९.२४ | ८३.६५ |
| **अन्तःशुल्क** | **१५५५०.४१** | **४३०६.५९** | **४०६२.१७** | **-५.६८** | **४९६८.०४** | **८१.७७** |
| आन्तरिक उत्पादन | ९८९२.२९ | २४६१.२५ | २४५३.७७ | -०.३० | ३१००.८६ | ७९.१३ |
| पैठारी | ५६५८.१२ | १८४५.३४ | १६०८.४१ | -१२.८४ | १८६७.१८ | ८६.१४ |
| **आयकर** | २३८०३.८७ | ४५०५.६७ | ४६२५.१५ | २.६५ | ४३८१.८५ | १०५.५५ |
| आयकर | २१५०३.१३ | ३५४८.०२ | ३५९८.६० | १.४३ | ३३८६.०१ | १०६.२८ |
| ब्याज कर | २३००.६२ | ९५७.६४ | १०२६.५५ | ७.२० | ९९५.८४ | १०३.०८ |
| **अन्य कर** | **२३६८.४०** | **७७४.८१** | **५५१.६७** | **-२८.८०** | **६५२.९१** | **८४.४९** |
| **कुल कर राजस्व** | **९१२९४.९०** | **२३२२३.५५** | **२२६०३.९३** | **-२.६७** | **२४०४७.२१** | **९४.००** |
| **गैरकर राजस्व** | **९८८०.९४** | **१५५७.०५** | **१४११.३५** | **-९.३६** | **२१८१.७१** | **६४.६९** |
| **कुल राजस्व** | **१०११७५.८४** | **२४७८०.६०** | **२४०१५.२८** | **-३.०९** | **२६२२८.९२** | **९१.५६** |
| **अन्य प्राप्ति** | **०.००** | **१२२७.११** | **२४५२.२७** | **९९.८४** | **०.००** | **०.००** |
| **राजस्वसहित जम्मा प्राप्ति** | **१०११७५.८४** | **२६००७.७१** | **२६४६७.५५** | **१.७७** | **२६२२८.९२** | **१००.९१** |

स्रोतः अर्थ मन्त्रालय।

#अन्य कर शीर्षकमा पूर्वाधार सेवाको उपयोग, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार शुल्क र शिक्षा सेवा शुल्क मात्र संलग्न गरिएको। अन्य प्राप्तिमा अघिल्लो वर्षको नगद मौज्दात र बेरूजु असुली समावेश गरिएको छ।

४. चालु आर्थिक वर्षको पहिलो चौमासिकसम्ममा कर राजस्व परिचालन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.६७ प्रतिशतले संकुचन भई रू. २ खर्ब २६ अर्ब ४ करोड रहेको छ भने गैरकर राजस्व परिचालन ९.३६ प्रतिशतले संकुचन भई रू. १४ अर्ब ११ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कर राजस्व १.१ प्रतिशतले बढेको थियो भने गैरकर राजस्व १७.९ प्रतिशतले घटेको थियो।


**चार्ट (२): पछिल्लो १० वर्षको पहिलो चौमासिकसम्म संकलित राजस्वको प्रवृत्ति** (रू. करोडमा) **र राजस्व वृद्धिदर** (प्रतिशतमा)





स्रोतः अर्थ मन्त्रालय/Macroeconomic Dashboard।

५. आर्थिक वर्ष २०७७/७८ को पहिलो चौमासिकसम्म संकलित कुल राजस्वको क्षेत्रगत परिचालनलाई आर्थिक वर्ष २०७६/७७ को तथ्याङ्कसँग तुलना गर्दा भन्सार महशुल र आयकर राजस्वको हिस्सा बढेर क्रमशः २३ प्रतिशत र १९ प्रतिशत पुगेको छ भने मुल्य अभिवृद्धि कर र अन्तःशुल्क राजस्वको अंश घटेर क्रमशः ३३ प्रतिशत र १७ प्रतिशत रहेको छ। यद्यपि, कुल राजस्व मध्ये सवैभन्दा बढी हिस्सा मूल्य अभिवृद्धि करको रहेको छ।

**चार्ट (३): पहिलो चौमासिक अवधिको राजस्व संरचना**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

६. चालु आर्थिक वर्षको पहिलो चौमासिकमा भन्सार विन्दुमा संकलन भएको राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.१७ प्रतिशतले वृद्धि भई रू. १ खर्ब १३ अर्ब २५ करोड पुगेको छ भने आन्तरिक राजस्व (अन्य कर सहित) ७.१ प्रतिशतले संकुचन भई रू. १ खर्ब १२ अर्ब ७९ करोड रहेको छ। चालु आर्थिक वर्षको पहिलो चौमासिकमा संकलित कर राजस्वमध्ये भन्सार बिन्दुमा संकलन भएको राजस्व र आन्तरिकतर्फको

राजस्वको हिस्सा क्रमशः ५०.१ प्रतिशत र ४९.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको पहिलो चौमासिकमा यस्तो हिस्सा क्रमशः ४७.७ प्रतिशत र ५२.३ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षमा उत्पादन, विक्री तथा सेवाबाट प्राप्त हुने मूल्य अभिवृद्धि करमा ठूलो संकुचन आएको र आयकरको वृद्धिदर न्यून रहेको कारण कर राजस्वमा आन्तरिकतर्फ संकलन हुने राजस्वको हिस्सा घटेको हो।

## करको दायरा विस्तार

७. २०७७ कार्तिकसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ३५ लाख ७९ हजार ४ सय ७७ रहेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १४ लाख ३६ हजार ५ सय ५५ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २१ लाख ३६ हजार ५ सय ८६ पुगेका छन्। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता २ लाख ६९ हजार २ सय ७८ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १ हजार १ सय ९७ पुगेको छ। कोभिड-१९ को महामारीबाट सिर्जित विभिन्न बाधा/व्यवधानको कारण नागरिकको आवागमन (Mobility) सहज नहुँदा र नयाँ व्यवसाय तथा रोजगारी सिर्जनामा कमी आएकोले यस अवधिमा स्थायी लेखा नम्बर लिने करदाताको संङ्ख्या गत आर्थिक वर्षको पहिलो चौमासिकको तुलनामा ६८ प्रतिशतले घटेको छ।

### तालिका (४): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०७७ असारसम्म | २०७६/७७ को पहिलो चौमासिकमा थप | २०७७/७८ को पहिलो चौमासिकमा थप | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर (BPAN) | १३५८९३४ | १०५६३४ | ७७६२१ | १४३६५५५ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | १९७३४५२ | ६४८५६४ | १६३१३४ | २१३६५८६ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ५१०६ | १४२८ | १२३० | ६३३६ |
| **जम्मा स्थायी लेखा नम्बर** | **३३३७४९२** | **७५५६२६** | **२४१९८५** | **३५७९४७७** |
| मूल्य अभिवृद्धि कर | २५५९६३ | २३९१५ | १३३१५ | २६९२७८ |
| अन्तःशुल्क | ९४२९२ | १४४३२ | ६९०५ | १०११९७ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

८. चालु आर्थिक वर्षको पहिलो चौमासिकमा संघीय सरकारको आय १.१ प्रतिशतले बढेर रू. २ खर्ब ४० अर्ब पुगेको छ भने कुल संघीय प्राप्ति (ऋणसहित) २१.२ प्रतिशतले बढेको छ। यस अवधिमा संघीय सरकारको राजस्व घाटा रू. २० अर्ब ९२ करोड रहेको छ भने बजेट घाटा रू. २९ अर्ब २ करोड रहेको छ। यस अवधिमा सरकारले रू. ५७ अर्ब बराबरको आन्तरिक ऋण परिचालन गरेको छ। समिक्षा अवधिमा संघीय सरकारले रू. २० अर्ब ९२ करोड वरावरको वैदेशिक ऋण तथा रू. ६ अर्ब ३२ करोड वरावरको वैदेशिक अनुदान प्राप्त गरेको छ।

### तालिका (५): पछिल्लो ३ वर्षको पहिलो चौमासिकको साधनस्रोत तथा खर्चको अवस्था (रू. करोडमा)

| विवरण | कार्तिकसम्म | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७६/७७ | २०७७/७८ |
| संघीय राजस्व # | २१७६४.९ | २१५०४.५ | २०९२०.१ | -१.२ | -२.७ |
| अन्य प्राप्ति | ५२९.६ | १२२७.१ | २४५२.३ | १३१.७ | ९९.८ |
| वैदेशिक अनुदान | ३५४.० | १००७.० | ६३२.४ | १८४.५ | -३७.२ |
| **कुल संघीय आय** | **२२६४८.५** | **२३७३८.६** | **२४००४.७** | **४.८** | **१.१** |
| आन्तरिक ऋण परिचालन | ०.० | ०.० | ५७००.० | - | - |
| वैदेशिक ऋण प्राप्ति | ११३७.० | २४९५.० | २०९१.७ | ११९.४ | -१६.२ |
| **कुल संघीय प्राप्ति** | **२३७८५.५** | **२६२३३.६** | **३१७९६.४** | **१०.३** | **२१.२** |
| **कुल संघीय खर्च** | **२४४७७.४** | **२२६०१.४** | **२६९०७.०** | **-७.७** | **१९.१** |
| **स्रोत वचत(+)/न्यून (-)** | **-६९१.९** | **३६३२.२** | **४८८९.३** | **-६२५.०** | **३४.६** |
| संघीय चालु खर्च | २०३८०.७ | १९६९०.५ | २३०१२.२ | -३.४ | १६.९ |
| **राजस्व वचत (+)/न्यून (-)** | **१३८४.२** | **१८१४.०** | **-२०९२.१** | **३१.०** | **-२१५.३** |
| **वजेट वचत (+)/न्यून (-)** | **-१८२८.९** | **११३७.२** | **-२९०२.४** | **-१६२.२** | **-३५५.२** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

# बाँडफाँट अघिको रोयल्टी सहित

## बाँडफाँट पछिको संघीय राजस्व

९. चालु आर्थिक वर्षको कार्तिकसम्म संघीय सरकारको राजस्व (बाँडफाँट अघिको रोयल्टी सहित) गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.७२ प्रतिशतले संकुचन भई रू. २ खर्ब ९ अर्ब २० करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व रू. २ खर्ब १५ अर्ब ५ करोड रहेको थियो।


१०. चालु आर्थिक वर्षको कार्तिकसम्म संघीय सरकारले प्राप्त गर्ने कर राजस्व २.२० प्रतिशतले संकुचन भई रू. १ खर्ब ९५ अर्ब ९ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व रू. १ खर्ब ९९ अर्ब ४७ करोड रहेको थियो। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट भएर जाने कर राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.५२ प्रतिशतले संकुचन भई रू. ३० अर्ब ९५ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व रू. ३२ अर्ब ७६ करोड रहेको थियो।

## अन्तर्राष्ट्रिय विकास सहायता प्रतिबद्धता

११. आर्थिक वर्ष २०७७/७८ को पहिलो ४ महिनामा वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको रू. १५ अर्ब ६७ करोड ५० लाखको तुलनामा उत्साहजनक वृद्धि भई रु. ९० अर्ब ५४ करोड ६५ लाख पुगेको छ। यसमध्ये अनुदान सहायता रु. १२ अर्ब ८३ करोड ५ लाख र ऋण सहायता रु. ७७ अर्ब ७१ करोड ६० लाख रहेको छ।

१२. समिक्षा अवधिमा वैदेशिक सहायता प्रतिवद्धता मध्ये अनुदान र ऋणको अंश क्रमशः १४.२ प्रतिशत र ८५.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ७८.८ प्रतिशत र २१.२ प्रतिशत रहेको थियो।

### चार्ट (४): चालु आर्थिक वर्षको कार्तिकसम्मको वैदेशिक सहायता प्रतिबद्धताको संरचना




स्रोतः अर्थ मन्त्रालय।

१३. चालु आर्थिक वर्षको कार्तिकसम्म सडक तथा सुशासन क्षेत्र (रणनैतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना) अन्तर्गत सबैभन्दा बढी रू. ५४ अर्ब बराबरको ऋण सहायता प्रतिबद्धता प्राप्त भएको छ। त्यसैगरी, ऊर्जा क्षेत्र विकास (SASEC power transmission and distribution system strengthening Project) को लागि ऋण तथा अनुदान गरी रू. २७ अर्ब ८७ करोड, स्वास्थ्य तथा कोभिड-१९ सहायताको लागि अनुदानतर्फ रू. ४ अर्ब ७३ करोड, वन तथा वातावरण क्षेत्रको लागि अनुदानतर्फ रू. १ अर्ब ७५ करोड, शिक्षा क्षेत्र सुधार (विद्यालय क्षेत्र विकास कार्यक्रम) को लागि अनुदानतर्फ रू.१ अर्ब ६१ करोड र भूकम्प पछिको पुनर्निर्माण क्षेत्रमा रू. ६० करोड वरावरको वैदेशिक अनुदान सहायता प्रतिबद्धता प्राप्त भएको छ।

## वित्तीय क्षेत्र

१४. कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल निक्षेप र कर्जा लगानी बढ्दै गएको छ। २०७७ असोजमा कुल कर्जा लगानीमा विपन्न क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अनुपात ६.७८ प्रतिशत पुगेको छ। २०७६ असोजसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ९११० रहेकोमा २०७७ साउनसम्म यस्तो सङ्ख्या ८.७ प्रतिशतले बढेर ९९०३ पुगेको छ। २०७७ असोजमसान्तसम्म एटिएमको संख्या ४१९१ पुगेको छ। ७४८ स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार भएको छ।

### तालिका (६): वित्तीय क्षेत्रका परिसूचकहरु

| विवरण | असोजसम्म | | |
|---|---|---|---|
| | २०७५ | २०७६ | २०७७ |
| **कुल गार्हस्थ्य उत्पादनको अनुपातमा** | | | |
| कुल निक्षेप | ९६.८३ | ९९.३८ | १०९.४७ |
| कुल कर्जा | ८६.३९ | ८७.६९ | ९०.८० |
| **कुल कर्जा लगानीको अनुपातमा** | | | |
| निष्कृय कर्जा | १.६९ | १.७४ | १.७३ |
| विपन्न क्षेत्र कर्जा | ६.६३ | ६.७२ | ६.७८ |
| **वित्तीय पहूँचका परिसूचकहरु** | | | |
| बैङ्क तथा वित्तीय संस्था (संख्यामा) | १५४ | १६५ | १४६ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (संख्यामा) | ७०१४ | ९११० | ९९०३ |
| कुल निक्षेप खाता (संख्या लाखमा) | २४३.५१ | २९२.७० | ३३५.३२ |
| कुल कर्जा खाता (संख्या लाखमा) | १३.३३ | १४.५६ | १५.५७ |
| एटिएम (संख्यामा) | २९१९ | ३५२० | ४१९१ |
| **भारित औसत ब्याजदार** | | | |
| निक्षेप | ६.५७ | ६.७५ | ५.४५ |
| कर्जा | १२.२४ | ११.९७ | ९.८३ |

स्रोतः नेपाल राष्ट्र बैङ्क।

१५. २०७६ असोजमा बैंक तथा वित्तीय संस्थाको निक्षेप र कर्जामा भारित औसत व्याजदर क्रमशः ६.७५ प्रतिशत र ११.९७ प्रतिशत रहेकोमा २०७७ असोज मसान्तमा यस्तो ब्याजदर घटेर क्रमशः ५.४५ प्रतिशत र ९.८३ प्रतिशत रहेको छ।

## बीमा क्षेत्र

१६. चालु आर्थिक वर्षको पहिलो चौमासिकमा बीमा प्रिमियम संकलन गत आर्थिक वर्षको सोही अवधिको रू. ३४ अर्ब ४२ करोड ४८ लाखको तुलनामा ४२.६ प्रतिशतले वृद्धि भई रू. ४९ अर्ब १०


करोड पुगेको छ। यस अवधिको कुल बीमा प्रिमियम संकलनमा जीवन र निर्जीवन बीमातर्फ संकलन भएको प्रिमियमको हिस्सा क्रमशः ७९.९ प्रतिशत र २०.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ७४.१ प्रतिशत र २५.९ प्रतिशत रहेको थियो।

१७. २०७७ कार्तिकसम्म बीमाको दायरामा आएको जनसंख्या २२.२ प्रतिशत रहेको छ भने वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसंख्या २४.८ प्रतिशत रहेको छ। २०७६ कार्तिकसम्म यस्तो जनसंख्या क्रमशः २०.० प्रतिशत र २४.८ प्रतिशत रहेको थियो।

## पूँजी बजार

१८. वार्षिक विन्दुगत आधारमा २०७६ कार्तिक मसान्तमा ११३६.० विन्दुमा रहेको नेप्से सूचकांक ५१.० प्रतिशतले बढेर २०७७ कार्तिक मसान्तमा १७१५.७ विन्दु कायम भएको छ।


**चार्ट (५): पछिल्लो ५ वर्षको कार्तिक मसान्तको नेप्से सूचकांक**




स्रोतः नेपाल स्टक एक्सेन्ज लिमिटेड।

१९. यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण २०७७ कार्तिक मसान्तमा ५९.८ प्रतिशतले वृद्धि भई रु. २३ खर्ब २ अर्ब ७६ करोड रहेको छ। २०७६ कार्तिक मसान्तमा यस्तो रकम रु. १४ खर्ब ४१ अर्ब ३१ करोड रहेको थियो।

**चार्ट (६): २०७७ कार्तिक महिनाको नेप्से सूचकांकको प्रवृत्ति**





स्रोतः नेपाल स्टक एक्सेन्ज लिमिटेड।

२०. २०७७ कार्तिक २ गते १५५७.८ बिन्दु रहेको नेप्से सूचकांकमा निरन्तर सुधार हुँदै २०७७ कार्तिक २७ गते १७१५.७१ बिन्दु पुगेको हो। कार्तिक महिनामा कुल १७ दिन मात्र पूँजीबजार कारोवार भएको थियो। २०७७ कार्तिक महिनाको प्रवृत्ति हेर्दा कार्तिक २७ गते (कारोवार भएको महिनाको अन्तिम दिन) नेप्से सूचकांक उच्चतम बिन्दुमा पुगेको छ। कोभिड-१९ महामारीको प्रभाव कायमै रहेको अवस्थामा समेत नेप्से सूचकांक बढ्दै जानुले पूँजी बजार सुधारोन्मूख रहेको देखिन्छ।

## समग्र मूल्य स्थिति

२१. २०७७ असोजमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.७९ प्रतिशत रहेको छ। २०७६ असोजमा यस्तो मुद्रास्फीति ६.२१ प्रतिशत रहेको थियो। २०७७ असोजमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.५० प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति २.४६ प्रतिशत रहेको छ। २०७६ कार्तिकमा यस्तो मुद्रास्फीति क्रमशः ७.०४ प्रतिशत र ५.५५ प्रतिशत रहेको थियो।

**चार्ट (७): वार्षिक बिन्दुगत आधारमा पछिल्लो ५ वर्षको कार्तिक महिनाको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति**




स्रोतः नेपाल राष्ट्र बैङ्क।

## बाह्य क्षेत्र

## वस्तु निकासी

२२. आर्थिक वर्ष २०७७/७८ को पहिलो चौमासिकमा कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.८ प्रतिशतले वृद्धि भई रु. ४० अर्ब २० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रु. ३६ अर्ब २८ करोड रहेको थियो।

२३. समीक्षा अवधिमा भारत र अन्य देशतर्फको वस्तु निकासी क्रमशः १४.८६ प्रतिशत र ६.५२ प्रतिशतले बढेको छ भने चीनतर्फको निकासी ५९.१९ प्रतिशतले घटेको छ।

२४. समीक्षा अवधिमा कुल निकासीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ६९.३ प्रतिशत, ०.७ प्रतिशत र ३०.० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६६.९ प्रतिशत, २.० प्रतिशत र ३१.१ प्रतिशत रहेको थियो। यस अवधिमा प्रशोधित भटमासको तेल, चिया र उनी गलैंचा

कार्पेट, जमोठ कपडा, जुटका कपडा लगायतका वस्तुको निकासी बढेको छ।

| तालिका (७) : कार्तिक महिनासम्म निकासी भएका प्रमुख वस्तुहरु (रु.करोडमा) | | | |
|---|---|---|---|
| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
| भटमासको तेल प्रशोधित | ११०.१ | १०२६.४ | ८३२.६ |
| उनी गलैंचा कार्पेट | १२५.४ | २६०.८ | १०७.९ |
| सेन्थेटिक यार्न | १३१.४ | २५४.७ | ९३.९ |
| चिया | ५२.७ | २३३.० | ३४२.५ |
| तयारी कपडा | ९५.० | २०८.५ | ११९.४ |
| अलैची | ५१.५ | २०३.५ | २९५.३ |
| जमोठ कपडा | ४३.६ | १६५.२ | २७९.१ |
| फलफुलको जुस | ६६.८ | १३३.९ | १००.४ |
| जुटका बुनिएका कपडा | ४९.८ | १२७.६ | १५६.१ |
| अन्य कपडा (उनी,सुती, टेरीकटन बाहेकका) | ४९.७ | १०२.४ | १०६.१ |
| अन्य | २८५२.० | १३०४.१ | -५४.३ |
| **जम्मा** | **३६२७.९** | **४०२०.०** | **१०.८** |

स्रोतः भन्सार विभाग ।

## वस्तु पैठारी

२५. चालु आर्थिक वर्ष २०७७/७८ को पहिलो चौमासिकमा कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.६२ प्रतिशतले संकुचन भई रु. ४ खर्ब २ अर्ब ४९ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु पैठारी रु. ४ खर्ब ५० अर्ब ३० करोड रहेको थियो।

| तालिका (८) : कार्तिक महिनासम्म पैठारी भएका प्रमुख वस्तुहरु (रु.करोडमा) | | | |
|---|---|---|---|
| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
| डिजेल | २९२४.२ | १६३८.० | -४४.० |
| मोवाइल टेलिफोन | ८६२.२ | १४१५.८ | ६४.२ |
| एम.एस.बिलेट | १२७०.७ | १३३४.५ | ५.० |
| भटमासको तेल कच्चा | ५२१.० | ११०६.३ | ११२.४ |
| तयारी कपडा | १४७३.९ | १०१०.८ | -३१.४ |
| चामल | ४९०.६ | ९३८.८ | ९१.४ |
| एल पि ग्यास | ८९०.६ | ८३६.२ | -६.१ |
| पेट्रोल | १२३७.१ | ७६७.९ | -३७.९ |
| मोटर साइकल | ८१५.७ | ७२७.४ | -१०.८ |
| एच.आर.सिट | ९७७.५ | ७२१.१ | -२६.२ |
| अन्य | ३३५६६.५ | २९७५२.३ | -११.४ |
| **जम्मा** | **४५०२९.९** | **४०२४९.०** | **-१०.६** |

स्रोतः भन्सार विभाग ।


२६. समीक्षा अवधिमा भारत, चीन र अन्य देशबाट भएको वस्तु पैठारी क्रमशः ३.११ प्रतिशत, २५.०२ प्रतिशत र १९.७५ प्रतिशतले घटेको छ।

२७. यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशबाट भएको पैठारीको अंश क्रमशः ६५.६ प्रतिशत, १४.९ प्रतिशत र १९.४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अंश क्रमशः ६०.५ प्रतिशत, १७.८ प्रतिशत र २१.७ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष २०७७/७८ को कार्तिकसम्ममा मोवाइल टेलिफोन, एम.एस.बिलेट, भटमासको कच्चा तेल र चामल लगायतका पैठारी बढेको छ भने डिजेल, पेट्रोल, एल.पी.ग्यास, तयारी कपडा, एच.आर.सीट, मोटरसाइकल लगायतका वस्तुको पैठारी घटेको छ।

## व्यापार सन्तुलन

२८. वस्तु पैठारीमा आएको संकुचन तथा वस्तु निकासीमा भएको वृद्धिको कारण गत आर्थिक वर्ष जस्तै चालु आर्थिक वर्षमा आर्थिक वर्षको सुरूवात सँगै वस्तु व्यापार घाटामा सुधार हुँदै गएको छ भने कुल व्यापारमा वस्तु निकासीको अंश तुलनात्मक रुपमा बढेको छ।


चार्ट (८): पछिल्लो ५ वर्षको कार्तिकसम्मको व्यापार घाटाको स्थिति (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय।

२९. कोभिड-१९ महामारीका कारण कुल उपभोग तथा कुल लगानी मागमा कमी आएको हुँदा सो को प्रत्यक्ष प्रभाव वस्तु पैठारीमा समेत परेको छ। फलस्वरुप, आर्थिक वर्ष २०७७/७८ को पहिलो ४ महिनामा कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.४९ प्रतिशतले संकुचन भई रु.३ खर्ब ६२ अर्ब २९ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रु.४ खर्ब १४ अर्ब २ करोड रहेको थियो। यस अवधिमा कुल वस्तु व्यापारमा निकासीको अंश ९.०८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश ७.४६ प्रतिशत रहेको थियो।

चार्ट (९): कुल व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)




स्रोत: अर्थ मन्त्रालय।

३०. चालु आर्थिक वर्षको पहिलो ४ महिनामा कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश क्रमशः ९.०८ प्रतिशत र ९०.९२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश ७.४६ प्रतिशत र ९२.५४ प्रतिशत रहेको थियो। समिक्षा अवधिमा वस्तु पैठारीमा संकुचन भएको र निकासीमा वृद्धि भएको कारण कुल वस्तु व्यापारमा निकासीको अंश बढेको हो।

## सेवा व्यापार

३१. आर्थिक वर्ष २०७७/७८ को पहिलो तीन महिनामा कुल सेवा आय गत आर्थिक वर्षको सोही अवधिको रु. ४२ अर्ब ५३ करोडको तुलनामा ५३.९ प्रतिशतले संकुचन भई रु. १९ अर्ब ६० करोड रहेको छ। साथै यस अवधिमा सेवा खर्च अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३७.८ प्रतिशतले घटेर रू. ३० अर्ब १९ करोड रहेको छ। समग्रमा यस अवधिमा खुद सेवा आय रू. १० अर्ब ५९ करोडले घाटामा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रू. ६ अर्ब ५ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह

३२. आर्थिक वर्ष २०७७/७८ को पहिलो तीन महिनामा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको तुलनामा १२.६ प्रतिशतले वृद्धि भई रू. २ खर्व ५८ अर्ब ८६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह ५.१ प्रतिशतले संकुचन भई रू. २ खर्व २९ अर्ब ८६ करोड रहेको थियो। कोभिड-१९ महामारीको समयमा समेत विप्रेषण आप्रवाहमा वृद्धि हुदाँ शोधानान्तर स्थिति समेत अनुकुल हुँदै गएको छ। साथै बाह्य क्षेत्रमा समेत स्थिरता कायम भएको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

३३. आर्थिक वर्ष २०७७/७८ को पहिलो तीन महिनामा शोधनान्तर स्थिति रु. १ खर्व १ अर्ब ९ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. १४ अर्ब ४३ करोडले वचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रु. ३४ अर्ब ३६ करोडले वचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु. २२ अर्ब ४७ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

३४. २०७७ असोज मसान्तमा विदेशी विनिमय सञ्चिति २०७६ असोज मसान्तको तुलनामा ३५.२ प्रतिशतले बढेर रु.१४ खर्ब ७० अर्ब २६ करोड पुगेको छ। २०७६ असोज मसान्तमा यस्तो सञ्चिति १० खर्ब ८७ अर्ब ७३ करोड रहेको थियो।

३५. आर्थिक वर्ष २०७७/७८ को पहिलो तीन महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले करिब १५.६ महिना बराबरको वस्तु र करिब १४.१ महिना बराबरको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर

३६. २०७७ असार मसान्तको तुलनामा २०७७ कार्तिक मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.१ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.११९.०७ रहेको छ। २०७६ कार्तिक मसान्तमा यस्तो विनिमय दर २०७६ असार मसान्तको तुलनामा ४.५ प्रतिशतले अवमूल्यन भई रु.११४.५६ रहेको थियो। २०७६ कार्तिक मसान्तको तुलनामा २०७७ कार्तिक मसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैंया ३.९ प्रतिशतले अवमूल्यन भएको छ।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

३७. आर्थिक वर्ष २०७६/७७ को पहिलो ४ महिनामा दर्ता भएका कम्पनीको संख्या ८९४३ रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ६.२ प्रतिशतले बढेर ९४९६ रहेको छ। कोभिड-१९ महामारीको समयमा समेत थप कम्पनी दर्ता संख्या तुलनात्मक रुपमा बढ्नुले देशभित्र व्यवसाय सञ्चालन क्रमशः सुधारोन्मूख हुँदै गएको देखिन्छ।

### पर्यटक आगमन

३८. सन् २०२० को अक्टोबरसम्म नेपाल भित्रिएका पर्यटक (भारतबाहेक) को सङ्ख्या सन् २०१९ को सोही अवधिको तुलनामा ७७.८ प्रतिशतले संकुचन भई २ लाख १८ हजार १ सय ७० रहेको छ। कोभिड-१९ महामारीका कारण अन्तर्राष्ट्रिय हवाई उडान प्रभावित हुँदा सन् २०२० को अक्टोबर महिनामा १ हजार ८ सय ७४ पर्यटक मात्र नेपाल भित्रिएका छन्। सन् २०१९ को अक्टोबर महिनामा यस्तो संख्या १ लाख ३४ हजार ९६ रहेको थियो। सन् २०२० को अप्रिल देखि अक्टोबरसम्म ७ महिनाको अवधिमा जम्मा ३ हजार ५९ पर्यटकमात्र नेपाल भित्रिएका छन्।

### वैदेशिक रोजगार

३९. चालु आर्थिक वर्षको पहिलो चौमासिकमा वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने कामदारको संख्या गत आर्थिको वर्षको सोही अवधिको तुलनामा ९५.७ प्रतिशतले कमि भई ३ हजार ४ सय ६३ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ५.६ प्रतिशतले बढेर ७९ हजार ६ सय ८० रहेको थियो।

४०. चालु आर्थिक वर्षको पहिलो चौमासिकमा वैदेशिक रोजगारमा जान पुनःश्रम स्वीकृति लिने कामदारको संख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७८.९ प्रतिशतले संकुचन भई १७ हजार १ सय ८ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ९.१ प्रतिशतले बढेर ८० हजार ८ सय ९१ रहेको थियो।

## नीतिगत, कानूनी व्यवस्था तथा अन्य गतिविधी

४१. नेपाल दुरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७७ को प्रस्तावित मस्यौदामा राय सहमति प्रदान गरिएको।

४२. बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ मा राय उपलब्ध गराइएको।

४३. माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडल, माननीय स्वास्थ्य मन्त्री भानुभक्त ढकालसहित अन्य उच्च पदाधिकारीहरुको समुपस्थितिमा २०७७ कार्तिक ३ गते अर्थ मन्त्रालयमा बैठक बसी प्रत्येक स्थानीय तहमा कम्तिमा ५ देखि १५ शैयाको अस्पताल निर्माण गर्ने र मंसीर १५ गते एकैसाथ शिलान्यास गर्ने निर्णय गरिएको।

४४. माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडल, माननीय भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालसहित अन्य उच्च पदाधिकारीहरुको समुपस्थितिमा २०७७ कार्तिक १२ गते अर्थ मन्त्रालयमा बैठक बसी आगामी असार मसान्तभित्रमा गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्य सम्पन्न गर्ने निर्णय गरिएको।

४५. माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलको उपस्थितिमा २०७७ कार्तिक १८ गते अर्थमन्त्रालयमा कोरोना बीमा सम्बन्धी विषयमा छलफल गर्न बैठक बसी बिमितहरुको पिसिआर परीक्षण प्रतिवेदन पोजिटिभ प्रमाणित भएपछि सम्पूर्ण कागजात र प्रक्रिया पूरा गरेकालाई बीमालेख बमोजिम प्रदान गरिने बीमाङ्क रकम सम्बन्धित बीमा कम्पनीले एक हप्ताभित्र भुक्तानी दिन निर्देशन दिइएको।

४६. सोही दिन माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेल र नेपालका लागि भारतका राजदूत विनय मोहन क्वात्राबीच शिष्टाचार भेट सम्पन्न भयो। यस भेटमा माननीय अर्थमन्त्रीले नेपालको विकासका लागि भारत सरकारबाट निरन्तर प्राप्त सहयोगको लागि धन्यवाद व्यक्त गर्नुभएको।

४७. २०७७ कार्तिक २६ गते नेपाल चेम्बर अफ कमर्सको प्रतिनिधिहरूले माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग भेटघाट गरेका थियो। यस भेटमा माननीय अर्थमन्त्रीले कोभिड–१९ बाट शिथिल भएको अर्थतन्त्रको पुनरुत्थानको लागि निजी क्षेत्रलाई सहयोग र प्रोत्साहन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको।

४८. २०७७ कार्तिक २८ गते माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेल र नेपालका लागि स्वीट्जरल्याण्डका राजदूत एलिजावेथ भोन क्यापेलरबीच अर्थ मन्त्रालयमा शिष्टाचार भेटघाट सम्पन्न भयो। उक्त भेटमा माननीय अर्थमन्त्रीद्वारा नेपाल र स्वीट्जरल्याण्डबीचको सम्बन्धलाई आपसी विश्वास र सहकार्यको मध्यमबाट अझ प्रगाढ बनाउने विचार व्यक्त गर्नुभएको।